# साँगुरीगढी गाउँपालिका
## Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा

Bhedetar, Dhankuta

प.सं.: २०८३/०८४

च.नं.

कोशी प्रदेश, नेपाल

Koshi Province, Nepal

### प्रेस विज्ञप्ती

मिति २०८३।०५।१८

नेपाल संवत् ११४६

मिति २०८३।०५।१० गते हिमताल विष्फोटन भई भोटेकोशी त्रिशुली लगायतका नदिमा आएको अनपेक्षित तथा विनाशकारी बाढीका कारण रसुवा धादिङ नुवाकोट लगायतका जिल्लामा ठुलो धनजनको क्षति भएको घटनाप्रति साँगुरीगढी गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ । यस विपद्का कारण हजारौं सख्यामा मानिसहरुको ज्यान गुमाउनु परेको, हजारौं सख्यामा मानिसहरु घाइते बेपत्ता तथा विस्थापित हुनु परेको दुखःद् अवस्था प्रति गाउँपालिका अत्यन्त मर्माहत भएको छ ।

यस दुखद् घडिमा बाढी तथा विपद्का कारण जीवन गुमाउनु हुने सम्पुर्ण मृतकहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । बेपत्ता नागरिकहरुको शीघ्र खोजी तथा उद्धारका लागि हार्दिक अपिल गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

विपद् परेका नागरिकहरुको उद्धार तथा राहत उपचार र दीर्घकालीन पुनःस्थापना कार्यमा सहयोग पुर्याउने उद्धेश्यले मिति २०८३।०५।१८ गते बसेको कार्यपालिका बैठक तथा कर्मचारीहरुको सामुहिक बैठकको निर्णाअनुसार जनप्रतिनिधिहरु, कर्मचारीहरु, शिक्षकहरु तथा गाउँपालिकाको विपद् कोषबाट गरी कुल जम्मा रु.३०,००,०००।- नेपाल सरकार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी सहयोग रकम उपलब्ध गराउने व्यहोरा यसै विज्ञप्ति मार्फत जानकारी गराउँदछौं ।

विपद्को यस कठिन परिस्थितिमा सम्पुर्ण सरकारी निकायका (संघ, प्रदेश र स्थानीय तह), सुरक्षा निकायका (नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान प्रहरी) सामाजिक संघ संस्था, निजी क्षेत्र तथा आम नागरिकहरुलाई पीडितहरुको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न हार्दिक अपिल आह्वान गर्दछौं ।

..........

पुण्य प्रसाद पौडेल

(प्रमुख प्रशासकीय अधिकृत)

पुण्य प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत

..........

जितेन्द्र राई

(अध्यक्ष)

जितेन्द्र राई

अध्यक्ष